# लालझाडी राजपत्र

**खण्ड ९ संख्या ०२ मिति २०८२ साल असार २० गते**

**गाउँ सभाबाट स्वीकृत मितिः २०८२।०३।१३**

## भाग १

## लालझाडी गाउँपालिकाको सूचना

यस लालझाडी गाउँपालिकाको **राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४** बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

संवत् २०८२ ऐन नं २

**प्रस्तावनाः**

लालझाडी गाउँपालिकाको आर्थिक बर्ष २०८२/८३ को लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम लालझाडी गाउँ सभाले यो विधेयक बनाएको छ।

लालझाडी गाउँपालिका

१. **सक्षिप्त नाम र प्रारम्भ**: (१) यस विधेयकको नाम "लालझाडी गाउँपालिका विनियोजन विधेयक,२०८२ रहेको छ।

(२) यो विधेयक २०८२ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८२/८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८२/८३ को निमित्त गाउँ कार्यपालिका, मातहतका निकायहरु, वडाकार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४३ करोड ६५ लाख २२ हजार मात्रमा नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः**(१) यस विधेयक द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३ को निमित्त लालझाडी गाउँपालिका गाउँ कार्यपालिका, मातहतका निकायहरु, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिएको छ।

(२) यस विधेयकले विनियोजन गरेको रकम खर्च गर्दा यसैसाथ संलग्न अनुसुची १ मा उल्लेख भए अनुसार गरिएको छ।

(३) उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिकाको कार्यालय, माताहतका निकायहरु, वडा कार्यालय, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यापालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सक्ने प्रस्ताव गरिएको छ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको **१० प्रतिशत** सम्म प्रमुख प्रशासकीय अधिकृतले सो भन्दा बढी **१५ प्रतिशत** सम्म गा.पा. प्रमुखले र सो भन्दा बढि गाउँ कार्यपालिकाले **२५ प्रतिशतमा नबढ्ने गरि** कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढि शीर्षकहरुमा रकमान्तर गरि रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थापन तर्फ विनियोजित रकम, साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न नसकिने प्रस्ताव गरिएको छ। तर चालु तर्फको पूँजीगत खर्च र

वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतमा रकम सार्न सकिने व्यवस्था गरिएको छ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकमा सो शिर्षकको जम्मा स्वीकृत रकमको **२५ प्रतिशत भन्दा बढने गरी** कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिन पर्नेछ।

(५) यस दफाको अन्यत्र जुनसुकै व्यवस्था भएपनि चालु खर्चमा विनियोजित रकम खर्च नहुने भएमा पूँजीगत कार्यक्रम स्वीकृत गरी खर्च गर्न बाधा पर्ने छैन।

(६) विविध शिर्षकमा विनियोजन भएको रकम आवश्यक शिर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ।

४. **वित्तीय अनुशासन**:(१) गाउँपालिकाले आफुले उठाएको राजस्व र यस विधेयक वमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिम कानून बनाउदा बेहायका कुराहरु पालना हुने गरी बनाउनु पर्दछ।

(क) नेपाल सरकार र प्रदेश सरकारको आर्थिक तथा वित्तीय नीति अनुशरण गर्ने।

(ख) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च गर्नुपर्नेछ।

(ग) पूँजीगत खर्चको रुपमा विनियोजित रकम चालु खर्चमा रकमान्तर गर्न पाईनेछैन।

(घ) आय-व्ययको वर्गीकरण तथा लेखाङ्कन नेपाल सरकाले निर्धारण गरे वमोजिम राख्नुपर्ने।

५. **थप अनुदान प्राप्त भएमा**: यस विधेयकमा प्रस्ताव गरिए बाहेक नेपाल सरकार प्रदेश सरकार दातृ निकाय जनसहभागिता वा कुनै पनि स्रोतबाट थप कार्यक्रम संचालन गर्ने गरी संचित कोषमा रकम प्राप्त हुन आएमा सो रकम समेत यसै विधेयक बाट विनियोजन भएको मानि संचित कोषमा जम्मा गरि संचित कोष बाट खर्च गर्न बाधा पर्ने छैन।

६. **अख्तियारी तथा कार्यक्रम स्वीकृत सम्बन्धि व्यवस्था:**(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि विनियोजित भएको रकम प्रचलित कानूनको अधिनमा रही खर्च गर्ने अख्तियारी यो विधेयक प्रारम्भ भएको दिन देखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) चालुखर्च तर्फ को सम्बन्धित स्वीकृत बार्षिक बजेट को तोकिएको खर्च शीर्षकमा विनियोजित रकमा बढी नहुने गरि कतै दर तोकिएको भए सो दर अनुसार र नतोकिएको भए बजेटको सीमाको ख्याल गरि दर स्वीकृत गरि खर्च लेख्ने अधिकार लालझाडी गाउँकार्यपालिका वा लालझाडी गाउँ कार्यपालिकाको कार्यालयको अधिकार प्राप्त अधिकारी तथा लेखा उत्तरदायी अधिकारीलाई प्रत्यायोजन गरिएकोछ।

(३) उपदफा (१) वमोजिम खर्च गर्ने अख्तियारीको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले विनियोजन भएको रकम निकासा दिनेछ।

(४) स्थानिय संचित कोष व्यवस्थापन प्रणाली (सुत्रमा) भएको कुनै कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायको सहमतिमा गर्नु पर्नेछ।

७. **खर्च अनुमोदन तथा संशोधन:** (१) आ.व.२०८२/८३ का लागि स्वीकृत बजेट तथा कार्यक्रममा क्षेत्रगतमा त्रविनियोजन भई योजनागत क्रमागत/विभाजन हुन बाँकी रहेका बजेट तथा कार्यक्रमहरुको कार्यान्व्यन गर्न गा.पा. प्रमुखको निर्णय तथा कार्यपालिकाको कार्यालय लेखा उत्तरदायी अधिकारीबाट गरिएका विनियोजनहरुमा समेत यसै विधेयक बमोजिम भएको मानिनेछ।

(२) आ.व. २०८२/८३ स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनका सन्दर्भमा कुल विनियोजनमा फरक नपर्ने गरि शीर्षक गत विनियोजित रकममा फरक हुन गएका शीर्षक र मिलान गरिने शिर्षकको विवरण सहित तयार गरिएको संशोधन अनुसूची (२) मा संलग्न राखी स्वीकृति गरिएको छ।

८. **कार्यविधी तथा मापदण्ड बनाउन सक्ने**: (१) यस विधेयकको कार्यान्वयन गर्न गाउँपालिकाले सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका कार्यपालिका बाट स्वीकृत गरि लागु गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाएको कार्यविधि र मापदण्ड राजपत्रमा प्रकाशित गरिनेछ।

**९. आदेश जारी गर्न सक्ने:** (१) यो विधेयकको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश राजपत्रमा प्रकाशित गरिनेछ।

| क्र.सं. | स्रोत समूह | बजेटको स्रोत/तह | स्रोत | अनुमानित आय |
|---|---|---|---|---|
| १ | संघीय सरकार, नेपाल सरकार, १३३११-समानिकरण अनुदान, नगद अनुदान | | | ९,५३,००,००० |
| १.१ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | ९,५३,००,००० |
| २ | संघीय सरकार, नेपाल सरकार, १३३१२-शसर्त अनुदान चालु, नगद अनुदान | | | १४,०७,००,००० |
| २.१ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान चालु | ०,००० |
| २.२ | बैदेशिक श्रोत | आई डि ए | वैदेशिक ऋणको प्राप्ति | ०,००० |
| २.३ | बैदेशिक श्रोत | एस.इ.एस.पी. | बैदेशिक अनुदान | ०,००० |
| २.४ | बैदेशिक श्रोत | एस.इ.एस.पी. | वैदेशिक ऋणको प्राप्ति | ०,००० |
| २.५ | बैदेशिक श्रोत | युरोपियन युनियन | बैदेशिक अनुदान | ०,००० |
| ३ | संघीय सरकार, नेपाल सरकार, १३३१३-शसर्त अनुदान पुँजीगत, नगद अनुदान | | | १,७९,००,००० |
| ३.१ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान पुँजीगत | ०,००० |
| ३.२ | अन्तरिक श्रोत | आन्तरिक ऋण | आन्तरिक श्रोत | ०,००० |
| ३.३ | बैदेशिक श्रोत | एस.इ.एस.पी. | बैदेशिक अनुदान | ०,००० |
| ३.४ | बैदेशिक श्रोत | एस.इ.एस.पी. | वैदेशिक ऋणको प्राप्ति | ०,००० |
| ४ | संघीय सरकार, नेपाल सरकार, १३३१५-विषेश अनुदान पुँजीगत, नगद अनुदान | | | १,६९,००,००० |
| ४.१ | अन्तरिक श्रोत | आन्तरिक ऋण | आन्तरिक श्रोत | १,६९,००,००० |
| ५ | संघीय सरकार, नेपाल सरकार, १३३१७-समपुरक अनुदान पुँजीगत, नगद अनुदान | | | १,२२,००,००० |
| ५.१ | अन्तरिक श्रोत | आन्तरिक ऋण | आन्तरिक श्रोत | १,२२,००,००० |
| ६ | राजस्व बाडफाड, राजस्व बाँडफाँड - संघीय सरकार, १००२०-राजस्व बाँडफाँड, नगद | | | ९,६३,००,००० |
| ६.१ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | ९,६३,००,००० |
| ७ | आन्तरिक श्रोत | | | १,५०,००,००० |
| ७.१ | आन्तरिक राजस्व | आन्तरिक श्रोत | आन्तरिक | १,२५,००,००० |
| ८ | बैंक मौज्दातको अनुमानित अ.ल्या. रकम | | | २,७५,००,००० |
| ९ | प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश-समानिकरण अनुदान, नगद अनुदान | | | ८४,९६,००० |
| ९.१ | प्रदेश सरकार | सुदूरपश्चिम प्रदेश | समानिकरण अनुदान | ८४,९६,००० |
| १० | राजस्व बाडफाड, राजस्व बाँडफाँड - प्रदेश सरकार ,११४५६-राजस्व बाँडफाँड, नगद | | | २९,२६,००० |
| १०.१ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | २९,२६,००० |
| ११ | प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश-विशेष अनुदान, नगद अनुदान | | | ७५,००,००० |
| ११.१ | प्रदेश सरकार | सुदूरपश्चिम प्रदेश | विशेष अनुदान | ७५,००,००० |
| १२ | प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश-समपुरक अनुदान, नगद अनुदान | | | १,०८,००,००० |
| १२.१ | प्रदेश सरकार | सुदूरपश्चिम प्रदेश | समपुरक अनुदान | १,०८,००,००० |
| १२ | प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश-सशर्त अनुदान, नगद अनुदान | | | ०,००० |
| १२.१ | प्रदेश सरकार | सुदूरपश्चिम प्रदेश | सशर्त अनुदान | ०,००० |
| | | | कुल जम्मा | ४३,६५,२२,००० |

आज्ञाले

राज बहादुर सार्की

प्रमुख प्रशासकीय अधिकृत

लालझाडी गाउँपालिका